# नेपाल, गण्डकी प्रदेश, तनहुँ, व्यास नगरपालिका

# स्थानीय राजपत्र

## खण्ड ७, संख्याः १०, भाद्र १० गते, २०८० साल


व्यास नगरपालिकाको नगर कार्यपालिकाले पारित गरेको तल लेखिए बमोजिमको निर्देशिका स्थानीय सरकार सञ्चालन ऐन, २०७४ को दफा १०२ को उपदफा (३) बमोजिम आम नागरिकको जानकारीका लागि प्रकाशन गरिएको छ।

# भाग २

# व्यास नगरपालिका फोहोर मैला व्यवस्थापन एवं नाला सफाई निर्देशिका, २०८०

कार्यपालिकाबाट स्वीकृत मितिः २०८०।५।७

**प्रस्तावना** : व्यास नगरपालिकाको शहरी वडाहरुमा नियमित रुपमा फोहोर मैला नगरपालिकाबाट उठाउँदै आइरहेकोमा ग्रामिण वडाहरुका केही क्षेत्रहरु पनि शहरी क्षेत्रतर्फ उन्मुख हुँदै गइरहेको हुँदा टोल विकास संस्थाहरुसँग समन्वय गरी नगरपालिकाका सरसफाई जनशक्तिबाट नसमेटिएका क्षेत्रमा नियमित रुपमा फोहोर मैला व्यवस्थापन र नगरपालिकाबाट निर्माण भएका सडक नालाहरु सफाई गर्नु पर्ने भएकोले व्यास नगरपालिका प्रशासकीय कार्यविधि (नियमित गर्ने) ऐन, २०७५ को दफा ४ (१) ले दिएको अधिकार प्रयोग गरी व्यास नगरपालिका नगर कार्यपालिकाले यो निर्देशिका निर्माण गरी जारी गरेको छ।

परिच्छेद १

प्रारम्भिक

१. **संक्षिप्त नाम र प्रारम्भ** : (१) यस निर्देशिकाको नाम "व्यास नगरपालिका फोहोर मैला व्यवस्थापन एवं नाला सफाई निर्देशिका, २०८०" रहेको छ।

(२) यो निर्देशिका व्यास नगरपालिकाको स्थानीय राजपत्रमा प्रकाशित भएको मितिदेखि प्रारम्भ हुनेछ।

२. **परिभाषा** : विषय वा प्रसङ्गले अर्को अर्थ नलागेमा यस कार्यविधिमा,

(क) "नगरपालिका" भन्नाले व्यास नगरपालिका सम्झनु पर्छ।

(ख) “वडा अध्यक्ष” भन्नाले व्यास नगरपालिकाका १४ वटा वडाहरुका वडा अध्यक्ष सम्झनु पर्छ ।

(ग) “फोहोर मैला” व्यास नगरपालिका भित्र उत्सर्ग हुने कुहिने, नकुहिने, पुनः प्रयोगमा आउने, अस्पतालजन्य फोहोर समेत सम्झनु पर्छ ।

(घ) “नाला सफाई” भन्नाले व्यास नगरपालिका भित्रका सडकहरुमा निर्माण भएका नालाहरु सफाई भन्ने सम्झनु पर्छ ।

(ङ) “समिति” भन्नाले वडा समिति सम्झनु पर्छ ।

(च) “सफाई कर्मचारी” भन्नाले वडा समिति वा टोल विकास संस्थाले नियुक्त दैनिक, मासिक वा कामको जिम्मा लिने व्यक्ति समेत सम्झनु पर्छ ।

(छ) “ऐन” भन्नाले सरसफाई सम्बन्धी ऐन, आर्थिक ऐन, स्थानीय सरकार सञ्चालन ऐन समेत सम्झनु पर्छ ।

(ज) “नियम” भन्नाले सरसफाईसँग सम्बन्धित नियम सम्झनु पर्छ ।

(झ) “टोल विकास संस्था” भन्नाले विधिवत रुपमा व्यास नगरपालिकाद्वारा गठन भई काम गर्दै आएका टोल विकास संस्था सम्झनु पर्छ ।

(ञ) “कार्यपालिका” भन्नाले व्यास नगरपालिका नगर कार्यपालिका सम्झनु पर्छ ।

## परिच्छेद २
## कार्यक्रमको उद्देश्य

३. **उद्देश्य :** यस निर्देशिकाको उद्देश्य देहाय बमोजिम रहेको छ :

(क) टोल विकास संस्थासँग समन्वय गरी फोहोर मैला व्यवस्थापन गर्नु,

(ख) वडा बजेटबाट वडाहरुका सडकमा निर्माण भएका नाला सफाई गर्नु,

(ग) नगरपालिका क्षेत्रमा स्वच्छ वातावरण निर्माण गर्नु,

## **परिच्छेद ३**
## **कार्य सञ्चालन, व्यवस्थापन**

४. **फोहोर मैला व्यवस्थापन :** (१) दफा ३ (क) मा उल्लेखित उद्देश्य प्राप्तिका लागि शहरी वडा बाहेकका वडामा वडा समितिले फोहोर मैला व्यवस्थापन गर्नु पर्ने आ-आफ्ना टोल विकास संस्थाहरुसँग समन्वय गरी नगरपालिकाको आर्थिक ऐनले तोकेको दस्तुरभन्दा बढी नहुने गरी सफाई सेवा दिनुपर्ने घरहरुबाट सेवा शुल्क लिई फोहोर मैला उठाई बिसर्जनको व्यवस्था मिलाउनु पर्नेछ ।

(२) वडामा फोहोर मैला व्यवस्थापनका लागि वडा अध्यक्ष वा निजले तोकेको प्रतिनिधिको अध्यक्षतामा बढीमा सात जनाको एक समिति गठन गरिनेछ ।

५. **नाला सफाई :** (१) दफा ३ (ख) बमोजिम आ-आफ्नो वडाहरुमा निर्माण भएका पक्की कच्ची नालाहरुको सफाई गर्नका लागि वडा बजेटबाट कामदारको जिल्ला दररेटभन्दा नबढ्ने गरी सफाई कर्मचारीलाई दैनिक हाजीरी वा मासिक रु.१५,०००। मा नबढ्ने गरी बढीमा चार महिनाका लागि नाला सफाईको व्यवस्थापन वडा समितिले गर्नु पर्नेछ ।

(२) उपदफा १ बमोजिम सफाई कर्मचारी राख्नुपर्ने वडाका वडा प्राविधिकले कुन कुन स्थानमा सफाई गर्नु पर्ने हो सोको इष्टिमेट तयार गरी दैनिक रुपमा सफाईको कार्य सम्पन्न भए पश्चात् अनुगमन गरी सोको अभिलेख नियमित रुपमा राख्नु पर्नेछ ।

६. **भुक्तानीको व्यवस्थापन** : (१) वडा समितिले दफा ५ बमोजिमको नाला सफाईमा जनशक्ति लगाई पारिश्रमिक भुक्तानीको लागि निम्न लिखित कागजात संलग्न गरी पेश गर्नु पर्नेछ :

(क) नेपाली नागरिकताको प्रमाणपत्रको फोटोकपी,
(ख) वडा समितिले कामको जिम्मा दिएको निर्णय प्रतिलिपि,
(ग) दैनिक ज्यालादारीमा काम गरेको हाजीरी विवरण,
(घ) बढीमा ४ महिनासम्मको सफाई जिम्मेवारी लिएको भए हाजीरी,
(ङ) काम शुरु गर्नुभन्दा अघि र काम सम्पन्न भएपछिको फोटोहरु,
(च) काम सम्पन्न गरेको प्राविधिकको प्रतिवेदन,
(छ) वडा अध्यक्षको भुक्तानी सम्बन्धी सिफारिस ।

(२) उपदफा (१) बमोजिम कागजपत्र प्रमाण पेश गरेपछि नगरपालिकाको आर्थिक प्रशासन शाखाबाट नियमानुसार भुक्तानी गरिनेछ ।

## परिच्छेद ४
## विविध

७. यस निर्देशिकामा लेखिएको विषय यसै बमोजिम र अन्य विषयहरु ऐन वा नियममा उल्लेख भए बमोजिम हुनेछ ।

८. यस बमोजिम काम गर्दा कुनै बाधा अड्काउ परेमा वडा समितिको राय अनुसार बाधा अड्काउ फुकाउने कार्य कार्यपालिकाको हुनेछ ।

९. यस निर्देशिकामा संशोधन गर्नु परेमा कार्यपालिकाबाट गरिनेछ ।

***